# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन ५ गते २०३२ साल

### गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको
### सूचना

राष्ट्रिय पञ्चायतका सदस्यहरूको आचार संहिता, २०३२

गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति नियमावली, २०३२ को नियम १३ ले दिएको अधिकार प्रयोग गरी गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले बनाएको देहायको संहिता श्री ५ बाट स्वीकृत गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस संहिताको नाम "राष्ट्रिय पञ्चायतका सदस्यहरूको आचार संहिता, २०३२" रहेको छ ।

(२) यो संहिता तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– यस संहितामा "सदस्य" भन्नाले राष्ट्रिय पञ्चायतको सदस्य सम्झनुपर्छ ।

३. संहिताको पालनः– (१) प्रत्येक सदस्यले यो संहितामा लेखिएको कुराहरूको पालन गर्नु पर्नेछ ।

(२) कुनै सदस्यले यो संहितामा लेखिएको कुनै कुराको प्रतिकूल आचरण गरेमा निजले आफ्नो पद अनुसारको आचरण नगरेको मानिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. उच्च आदर्श कायम राख्नु पर्नेः– सदस्यले सच्चाइ र ईमान्दारीको उच्च आदर्शलाई अंगाली आफ्नो ओहदाको मर्यादा सुहाउँदो आचरण गर्नु पर्दछ।

५. राष्ट्रिय स्वतन्त्रता, सार्वभौमसत्ता आदिको प्रतिकूल काम गर्न नहुनेः– सदस्यले राष्ट्रिय स्वतन्त्रता, एकता, सार्वभौमसत्ता तथा अधिराज्यको अखण्डताप्रति आंच आउने कुनै किसिमको काम गर्न हुँदैन र मुलुकलाई खण्डित गर्ने उद्देश्यले जनताको बीच फूट पैदागर्ने कुनै पनि व्यक्तिको कोशिशलाई तत्परतासाथ विरोध गर्नुं पर्दछ।

६. राजसंस्थाप्रति अनास्था पैदा गर्न नहुनेः– सदस्यले राजसंस्थाप्रति अनास्था पैदा हुने कुनै काम कुरा गर्न हुँदैन र राजभक्ति, देशभक्ति तथा राष्ट्रिय भावनामा आंच आउ काममा जनतालाई प्रोत्साहन गर्न हुँदैन।

७. निर्दलीयतालाई विकसित र सुदृढ पार्नु पर्नेः– सदस्यले दलविहीन प्रजातान्त्रिक पञ्चायती व्यवस्थाको बोध गराई निर्दलीय भावनालाई विकसित र सुदृढ पार्नु पर्छ र निर्दलीयताको विरूद्ध कुनै काम गर्न हुँदैन।

८. पञ्चायत प्रणालीको सिद्धान्तको विपरित काम गर्न नहुनेः– पञ्चायत प्रणालीका सिद्धान्तको विपरित कुनै किसिमको काम गर्न हुँदैन र सो प्रणालीप्रति कुनै किसिमको भ्रम फैलाउन हुँदैन।

९. राष्ट्रिय पञ्चायतको प्रतिष्ठामा धक्का पुग्ने काम गर्न नहुनेः– सदस्यले राष्ट्रिय पञ्चायतको सदस्यको हैसियतले आफूले गर्नु पर्ने काम जिम्मेवारी पूर्वक गर्नु पर्नेछ र राष्ट्रिय पञ्चा-यतको प्रतिष्ठामा धक्का पुग्न सक्ने कुनै काम गर्न हुँदैन।

१०. राष्ट्रको स्वार्थ सर्वोपरि राख्नु पर्नेः– जाति, समुदाय, वर्ण, धर्म वा क्षेत्रको सीमित स्वार्थलाई त्यागी राष्ट्रको सर्वाङ्गीण स्वार्थलाई सर्वोपरि राख्नुपर्छ।

११. आर्थिक वा कुनै सहायता प्राप्त गर्न नहुनेः– कुनै कुराको समर्थन वा विरोध गर्नु भनी वा त्यस्तो समर्थन वा विरोध गरे वापत सदस्यले आर्थिक वा अन्य कुनै प्रकारको लाभ व सहायता कसैसंग माग गर्न हुँदैन र त्यस्तो लाभ वा सहायता प्राप्त गर्न समेत हुँदैन।

१२. व्यक्तिगत स्वार्थको निमित्त वादविवाद उठाउन नहुनेः– सदस्यले सार्वजनिक हितसित सम्बद्ध नभएको विषयलाई आफ्नो व्यक्तिगत वा संकुचित स्वार्थ पूर्तिको निमित्त सार्वजनिक विषय-को रूपमा खडा गरी अनावश्यक वादविवाद उठाउन हुँदैन।

१३. अनुचित प्रभाव पार्न नहुनेः–सदस्यले न्याय प्रशासनमा कुनै तवरले अनुचित प्रभाव पार्न वा आफ्नो संकुचित स्वार्थ पूरा गर्ने उद्देश्यले श्री ५ को सरकारको दैनिक प्रशासनमा खलल गर्न हुँदैन।

१४. विदेशी प्रभावबाट मुक्त रहनु पर्नेः– सदस्यले आफ्नो काम कर्तव्यको पालना गर्दा विदेशी प्रभावबाट प्रेरित हुनु हुँदैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. सार्वजनिक रकम हीनामिना गर्न नहुने :— सदस्य आफैले कुनै अवस्थामा पनि आफ्नू जिल्ला वा गाउँको विकासका लागि श्री ५ को सरकारतर्फबाट दिइने रकम, चन्दा संकलनबाट जम्मा गरिएको रकम वा आफ्नो जिम्मामा रहेको अन्य सार्वजनिक रकम हीनामिना गर्न वा निजी कामको लागि उपयोग गर्न हुँदैन ।

१६. नियुक्ति, वर्खासी आदिको लागि भनसुन गर्न नहुने:— व्यक्तिगत स्वार्थले प्रेरित भै वा कसैको अनुचित प्रभावमा परी सदस्यले कुनै व्यक्तिलाई सरकारी वा सार्वजनिक सेवामा नियुक्ति सरुवा, बढुवा वा वर्खास्त बारे भनसुन गर्न हुँदैन ।

सार्वजनिक सम्पत्तिको दुरूपयोग गर्न नहुने:— सदस्यले सार्वजनिक सम्पत्तिको नोक्सानी गर्न वा दुरूपयोग गर्न हुँदैन ।

१८. अनुचित लाभ उठाउन नहुने:— सदस्यले आफ्नो पदको प्रभाव देखाई अनुचित लाभ उठाउने काम गर्न हुँदैन ।

१९. पञ्चायती व्यवस्थाको प्रतिकूल भएमा विरोध गर्नु पर्ने:— सदस्यले आफू उपस्थित भएको गाउँमा पञ्चायती व्यवस्थाको प्रतिकूल हुने काम कुरा भएमा त्यस्को तुरुन्त विरोध वा वहिस्कार गर्नुपर्दछ ।

२०. गुटवन्दी गर्न नहुने:— सदस्यले पञ्च कार्यकर्ताहरूको बीच कुनै किसिमको गुटवन्दी गर्नु हुँदैन ।

२१. गाउँफर्क राष्ट्रिय अभियानप्रति मर्यादा:— (१) सदस्यले गाउँफर्क राष्ट्रिय अभियान-प्रति पूर्ण आस्था राख्नुपर्छ र गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको निर्देशन पालन गर्नु पर्दछ ।

(२) सदस्यले गाउँफर्क राष्ट्रिय अभियानको कार्यक्रम अन्तर्गत अनिवार्य रूपले गर्नु पर्ने भनी तोकेको काम गर्नु पर्नेछ ।

(३) सदस्यले गाउँफर्क राष्ट्रिय अभियानको आवश्यकता र महत्त्व सर्वसाधारण जनतालाई बोध गराई तदनुरूप आचरण गर्न प्रोत्साहित गर्नु पर्दछ ।

२२. समस्याहरूको बोध गराउनु पर्ने:— सदस्यले राष्ट्रिय समस्याहरू, आफू निर्वाचित भई आएको क्षेत्रका स्थानीय समस्याहरू तथा सो क्षेत्रका जनतालाई परेको वास्तविक पीर मर्काहरू राष्ट्रिय पञ्चायत नियमावलीमा व्यवस्था भए बमोजिम राष्ट्रिय पञ्चायतमा पुऱ्याई दिनु पर्दछ र राष्ट्रिय पञ्चायतमा व्यक्त गरिएका श्री ५ को सरकारको नीति तथा कार्यक्रमहरू बारे आफ्नो क्षेत्रका जनतालाई सही बोध गराउनु पर्दछ ।

२३. श्री ५ को सरकारको नीतिबारे भ्रम फैलाउन नहुने:— सदस्यले राष्ट्रिय पञ्चायत, पञ्चायतका अन्य निकायहरू, पञ्च भेला आदि जस्ता निर्दिष्ट स्थानहरूमा श्री ५ को सरकारको नीतिको आलोचना गर्न हुन्छ तर सो बाहेक अन्य स्थानमा सदस्यले श्री ५ को सरकारको नीति तथा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

269